**प्रमुख जिल्ला अधिकारी श्री शंकरहरि आचार्यको अध्यक्षतामा मिति २०७७।०७।२४ गते जिल्ला संकट व्यवस्थापन केन्द्रको बैठकबाट तपशिल बमोजिमका निर्णयहरु गरियो।**

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सप्तरी राजविराज

**निर्णय नं. १**

जिल्लाको कोभिड-१९ संक्रमणको बर्तमान अवस्था एवं सो सम्बन्धमा भैरहेका कार्यहरु/ गतिबिधिहरुको समिक्षा गरियो।

**निर्णय नं. २**

आउन लागेको तिहार पर्वको समयमा परम्परागत रुपमा खेलिने देउसी/भैलो, कोभिड-१९ को संक्रमणलाई मध्यनजर राखी, यस बर्ष नखेल्न सम्पूर्ण जिल्ला बासीमा अनुरोध गर्दै सो लाई कार्यान्वयन गर्न/ गराउन सम्पूर्ण स्थानीय तह एवं सुरक्षा निकायहरुलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

सार्वजनिक पोखरी, तलाउ, नदी/ नहर किनारमा भेला/ जम्मा भई परम्परागत रुपमा मनाउने गरिएको छठ पर्व यस बर्ष आ-आफ्नै घर, आँगन/ बारी लगायतका स्थानमा उपयुक्त व्यवस्था मिलाई निजी स्तरमै सो पर्व मनाउन सम्पूर्ण जिल्लाबासीलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

हिन्दु, मुस्लिम,बौद्ध, क्रिस्चियन लगायत सम्पूर्ण धर्मावलम्बीहरुको अगामी दिनहरुमा पर्ने सम्पूर्ण पर्व एवं संस्कृति बमोजिमका अन्य धार्मिक कार्यहरु समेत यथास्थानमै, परिवारका सदस्यहरु बिचमा मात्र स्वास्थ्य सुरक्षा सतर्कता सहित मनाउन सम्पूर्ण धर्मावलम्बी जिल्लाबासीमा अनुरोध गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित
०७७/७/२५
प्रशासकीय अधिकृत